# सामाजिक जवाफदेहिताका औजारहरू

## सार्वजनिक सुनुवाइ (Public Hearing)

सार्वजनिक सुनुवाइ भनेको स्थानीय सेवा प्रदायक र सेवा लिने नागरिकबिच हुने औपचारिक खुला संवाद हो, जहाँ जनचासोका विषयमा प्रश्न-उत्तर गरिन्छ । यस प्रक्रियामा नागरिकहरूले बजेट, खर्च, कार्यक्रम तथा गरिएका प्रतिबद्धताबारे प्रश्न उठाउन सक्छन् । यसका साथै, स्थानीय निकायका प्रतिनिधिहरूले सेवा र वस्तुको गुणस्तर तथा प्रभावकारिताबारे नागरिकबाट प्रत्यक्ष प्रतिक्रिया लिने र गुनासो सम्बोधन गर्ने अवसर पाउँछन् ।



## सार्वजनिक सुनुवाइको महत्त्व:

- सेवा प्रदायकलाई उत्तरदायी बनाउने र पारदर्शिता बढाउने प्रभावकारी माध्यम
- गुनासोहरू तुरुन्तै सम्बोधन हुने सम्भावना रहने
- सेवाप्रदायमा सुधार ल्याउन मद्दत गर्ने
- सार्वजनिक निकाय र सेवाग्राहीबिचको दूरी घटाई विश्वास निर्माणको काम गर्ने

## कानुनी व्यवस्था (Legal mandate)

- सुशासन नियमावली, २०६५ को नियम १९ अनुसार सरकारी निकायहरूले कम्तीमा प्रत्येक ४ महिनामा एक पटक सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९(२) र सुशासन ऐन, २०६४ को दफा ३० अनुसार वडाध्यक्ष/नगर प्रमुखले
- त्रैमासिक वा अर्धवार्षिक रूपमा सार्वजनिक सुनुवाइ सञ्चालन गर्नुपर्ने हुन्छ ।
- समावेशितालाई सुनिश्चित गर्न नागरिक समाज संस्था (ऋक्इक) तथा महिला, दलित, गरिबलगायत सरोकारवालालाई सहभागी गराउनुपर्ने प्रावधान छ ।

## स्थानीय नागरिकहरूले यो औजार प्रभावकारी रूपमा कसरी प्रयोग गर्न सक्छन् ?

- सहभागी हुनुअघि पूर्वतयारी गर्ने र स्पष्ट, व्यावहारिक प्रश्न सोध्ने
  (जस्तैः “शौचालय निर्माणको खर्च विवरण देखाउन सक्नुहुन्छ?” वा “यो योजना किन ढिलाइ भइरहेको छ ?”)
- सामूहिक रूपमा आवाज उठाउन समुदाय, समूह र नागरिक समाज संस्थासँग सहकार्य गर्ने
- छलफल, प्रतिबद्धता र जवाफहरूको अभिलेख राख्ने तथा कार्यान्वयनको अनुगमन गर्ने
- समाधान नभएका विषयमा सूचना हक (च्त्क्ष्) जस्ता कानुनी उपाय प्रयोग गर्ने

# सार्वजनिक सुनुवाइ सञ्चालनका चरणहरू (Process)

| | | |
|---|---|---|
| **योजना बनाउने** | **(करिब १ हप्ता)** | • वडाध्यक्ष/नगर प्रमुखले एजेन्डा तय गरी घोषणा गर्ने (जस्तैः बजेट समीक्षा, गुनासो सुनुवाइ)<br>• CSO प्रतिनिधिसहित सहजीकरण टोली गठन गर्नेमिति, समय, स्थान तय गर्ने र दक्ष सहजकर्ता चयन गर्ने |
| **तयारी र कागजात संकलन** | **(१-२ हप्ता)** | • बजेट, खर्च, प्रगति प्रतिवेदन जस्ता कागजात संकलन गर्ने, प्रस्तुति सामग्री तयार गर्ने<br>• माइन्युट लेख्ने र समय व्यवस्थापन गर्ने व्यक्ति तोक्ने |
| **सार्वजनिक सूचना** | **(कम्तीमा १५-३० दिनअघि)** | • सूचना पाटी, एफएम रेडियो, फेसबुक, वडा कार्यालयमार्फत जानकारी दिने<br>• मिति, समय, स्थान र एजेन्डा स्पष्ट उल्लेख गर्ने<br>• संघसंस्था, पत्रकार र स्थानीय नागरिकलाई आमन्त्रण गर्ने<br>• महिला, दलित, गरिबलगायत समूहको सक्रिय सहभागिता सुनिश्चित गर्ने |
| **कार्यक्रमको तयारी** | **(कार्यक्रमको अघिल्लो दिन)** | • बस्ने व्यवस्था (U-आकार वा गोलाकार) मिलाउने<br>• सम्बन्धित कागजातहरू प्रदर्शनमा राख्ने |
| **सार्वजनिक सुनुवाइ सञ्चालन** | **(२-४ घण्टा)** | • वडाध्यक्ष वा जिम्मेवार पदाधिकारीद्वारा उद्घाटन र नियम स्पष्ट पार्ने<br>• कार्यालयबाट प्रतिवेदन प्रस्तुत (३०-६० मिनेट)<br>• खुला प्रश्न-उत्तर सत्र (१-२ घण्टा; प्रत्येकलाई ३-५ मिनेट)<br>• उठेका विषय र प्रतिबद्धता अभिलेख गर्ने |
| **समापन र प्रतिबद्धता** | **(३० मिनेट)** | • सहमति र निर्णयहरूको संक्षेप गर्ने<br>• कार्यान्वयनका लागि समयसीमा तोक्ने |
| **पछिल्लो अनुगमन** | **(३० दिनभित्र)** | • माइन्युट सार्वजनिक गर्ने (अनलाइन वा पालिका कार्यालयमा)<br>• प्रतिबद्धताहरूको प्रगति अनुगमन गर्ने<br>• अर्को सुनुवाइमा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने |

## सार्वजनिक राजस्व अनुगमन (Public Revenue Monitoring)

सार्वजनिक राजस्व अनुगमन भनेको स्थानीय सरकारले संकलन गर्ने आम्दानीका स्रोतहरू (कर, अनुदान, सेवा शुल्क) लाई निगरानी गर्ने, सामाजिक जवाफदेहिताको एक महत्वपूर्ण औजार हो। यसले संकलित रकम कसरी समुदायका कार्यक्रम र सेवामा प्रयोग भइरहेको छ भन्ने कुरा पारदर्शी बनाउन मद्दत गर्दछ। साथै, स्थानीय तहले कुन स्रोतबाट कति राजस्व संकलन गरिरहेको छ, भन्ने कुरा नागरिकहरूले आफैँले बुझ्न र जाँच गर्न मद्दत गर्छ।



## नेपालमा स्थानीय तहका प्रमुख आम्दानीका स्रोतहरू

- केन्द्रीय सरकारबाट प्राप्त अनुदान (करिब ५०%)
- स्थानीय कर तथा राजस्व बाँडफाँटबाट हुने आम्दानी
  (जस्तैः घरजग्गा कर, भूमि कर, बजार कर, पसल कर, सवारी कर, मनोरञ्जन कर, घरबहाल कर, व्यवसाय कर, प्राकृतिक स्रोत उपयोग कर, पार्किङ शुल्क, सम्पत्ति मूल्याङ्कन सेवा शुल्क, जरिवाना आदि)

## सार्वजनिक राजस्व अनुगमनको महत्त्व

- राष्ट्रिय तथा स्थानीय सरकारले आर्थिक स्रोत कसरी परिचालन गरिरहेका छन् भन्नेमा नागरिकको निगरानी बढाउँछ
- लुकेका आम्दानी वा अन्यायपूर्ण कर अभ्यास उजागर गरी भ्रष्टाचार न्यूनीकरणमा सहयोग गर्छ



## कानुनी आधार

- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ (दफा ३: राजस्वसम्बन्धी सूचना पाउने नागरिकको अधिकार)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (वित्तीय पारदर्शितासम्बन्धी व्यवस्था)
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (राजस्व प्रतिवेदन अनिवार्यता)

# सार्वजनिक राजस्व अनुगमनका चरणहरू

| | | |
|---|---|---|
| १ | **उद्देश्य र दायरा निर्धारण** | (कुन राजस्व स्रोत र कुन तहमा अनुगमन गर्ने भन्ने तय गर्ने, जस्तैः स्थानीय कर वा प्राकृतिक स्रोत) |
| २ | **टोली गठन र योजना बनाउने** | (सानो टोली बनाउने, जिम्मेवारी बाँड्ने, समयरेखा र कार्ययोजना तय गर्ने) |
| ३ | **तथ्यांक संकलन** | (बजेट, राजस्व विवरण, कर दर तथा नागरिक/व्यवसायीबाट फिल्ड जानकारी संकलन गर्ने; |
| ४ | **विश्लेषण** | (निर्धारित लक्ष्य र प्राप्त उपलब्धि तुलना गर्ने, प्रवृत्ति र अन्तर पहिचान गर्ने) |
| ५ | **मुख्य समस्या पहिचान** | (राजस्व चुहावट, कार्यक्षमतामा कमजोरी, पारदर्शिताको अभाव वा कम कर अनुपालनजस्ता विषय पहिचान गर्ने) |
| ६ | **सरोकारवालासँग परामर्श** | (सरकारी कर्मचारी, करदाता र समुदायसँग छलफल गर्ने) |
| ७ | **निष्कर्ष र सिफारिस तयार गर्ने** | (मुख्य समस्या स्पष्ट गर्दै व्यबवहारिक सुधारका उपाय प्रस्ताव गर्ने) |
| ८ | **सार्वजनिक प्रस्तुति/संवाद** | (सार्वजनिक सुनवाइ वा अन्तर्क्रियामार्फत निष्कर्ष साझा गर्ने) |
| ९ | **प्रतिबद्धता सुनिश्चित गर्ने** | (सम्बन्धित निकायबाट स्पष्ट जवाफ र कार्यान्वयनको प्रतिबद्धता लिने) |
| १० | **अनुगमन र फलो-अप (३०-६० दिनमा )** | (प्रतिबद्धता कार्यान्वयन भएको छ कि छैन हेर्ने, आवश्यक परे पुनः संवाद गर्ने) |
| ११ | **पुनरावृत्ति** | (सिकाइका आधारमा निरन्तर सुधार र अनुगमन गर्ने) |

**Source:**
Internal Governance Tool 1: Public Hearing and Public Auditing | WWF
- World Bank Document
- Local Self Governance Act 2055
- Local Government Operation Act 2074